नेपाल सरकार

# प्रदेश प्रमुखको कार्यालय

प्रदेश नम्बर १, विराटनगर

फ्याक्स नं. : ०२१-४२१११४
फोन नं. : ०२१-४२१७२५
फोन नं. : ०२१-४२१८४७
Email: opcpn1@gmail.com

## सूची दर्ता सम्वन्धी सूचना

प्रकाशन मिति २०७५/०४/०५

यस प्रदेश प्रमुखको कार्यालय, प्रदेश नं. १, विराटनगरको लागि आ.ब. ०७५/७६ मा आवस्यक पर्ने तपसिल बमोजिमको वस्तु तथा सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुवाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) दर्ताको लागि निम्न वमोजिम कागजातहरु निवेदन साथ संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफूले गर्न चाहेको कारोवारको व्यहोरा उल्लेख गरी सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २(क) वमोजिमको ढाँचामा प्रत्येक कामका लागि छुट्टा छुट्टै निवेदन यस कार्यालयमा दर्ता गराउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१. कार्यालय सामान, मसलन्द(स्टेसनरी) र विविध फुटकर सामाग्रीहरु आपूर्ति सम्वन्धी कार्य। २. छपाई सम्वन्धी कार्य। ३. सवारी साधन, जेनेरेटर आपूर्ति सम्वन्धी कार्य। ४. सवारी साधन, जेनेरेटर जस्ता मेसिनरी सामानको मर्मत र पार्टपुर्जा आपूर्ति सम्वन्धी कार्य। ५. काठ तथा स्टिलका फर्निचर तथा फर्निसिङ आपूर्ति र मर्मत कार्य। ६. सार्वजनिक निर्माण, रङ्रोगन ता अन्य मर्मत सम्वन्धी कार्य। ७. कम्प्युटर, प्रिन्टर, फ्याक्स मेशिन, यू.पि.एस., टेलिफोन लाईन, फोटोकपी मेशिन र अन्य इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सामानहरुको आपूर्ति। ८. कम्प्युटर, प्रिन्टर, फ्याक्स मेशिन, यू.पि.एस., टेलिफोन लाईन, फोटोकपी जस्ता इलेक्ट्रोनिक सामानहरुको मर्मत तथा तिनका पार्टपुर्जाहरु सप्लाई, नेटवर्किङ तथा इन्टरनेट सेवा सम्वन्धी कार्य। ९. ढुवानी, एयर कार्गो, कुरियर्स सेवा। १०. विज्ञापन सम्वन्धी कार्य। ११. खानेपानी आपूर्ति। १२. परामर्श सेवा तथा अन्य सेवा। १३. क्याटरिङ सेवा। १४. पत्रपत्रिका आपूर्ति ।

**निवेदन साथ पेश हुनुपर्ने कागजातहरु**

१. फर्म वा कम्पनी दर्ता भएको प्रमाणपत्रको छायाँप्रति (नविकरण भएको)
२. व्यवसाय दर्ता भएको प्रमाणपत्रको छायाँ प्रति (नविकरण भएको)
३. स्थायी लेखा नम्वर र मु.अ.कर दर्ता प्रमाणपत्रको छायाँ प्रति र आ.व.०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको छायाँ प्रति।